# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना
# SECOND FIVE YEAR STRATEGIC PLAN

**२०७१/०७२ - २०७५/०७६**

**2014-2019**


## राष्ट्रिय महिला आयोग

भद्रकाली प्लाजा, काठमाडौं

फोनः ४२५६७०१, ४२५७६२८, फ्याक्सः ४२५०२४६

इमेलः info@nwc.gov.np, वेभसाइटः www.nwc.gov.np

# मन्तब्य

राष्ट्रिय महिला आयोगको स्थापना वि.सं २०५८ सालमा महिलाको हक हितको संरक्षण र सम्बर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रुपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि गरिएको हो । राष्ट्रिय महिला आयोगले आयोगको ऐन, २०६३ र नियमावली २०६५ ले तोकेको कार्यक्षेत्रको अधिनमा रही आफ्नो जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ । विशेष गरी महिला हक हित र अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा सरकारलाई सल्लाह सुझाव दिने, महिलामुखी नीति नियम तर्जुमा गर्न दवाव दिने, सरकारी निकायहरुको काम कारवाहीको लैङ्गिक दृष्टिकोणबाट अध्ययन गरि आवश्यक सिफारिश गर्ने, मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेज र राज्यले प्रतिवद्धता जनाएका महिला अधिकार सम्बद्ध अन्तर्राष्ट्रिय प्रावधानका पालना तथा महिला विरुद्धको भेदभाव र हिंसा अन्त्यका लागि राष्ट्रिय महिला आयोगले आफ्नो क्रियाकलापलाई प्रभावकारी ढंगले सम्पादन गर्दै आएको छ ।

यसै सन्दर्भमा, आयोगले वि.सं २०६६ सालमा आफ्नो प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६६-२०७०) कार्यन्वयनमा ल्याए पश्चात विभिन्न महिलामैत्री क्रियाकलापहरु कार्यान्वयन गर्दै आइरहेकोमा यस योजनाको समाप्तिसँगै प्रथम रणनीतिक योजनाका उपलब्धिहरु एवं चुनौतिहरुका विश्लेषणका साथै सम्बन्धित सरकारी, गैर सरकारी तथा विकाससाझेदारहरुको सल्लाह र सुझावका आधारमा यो दोस्रो रणनीतिक योजना (२०७०।७१-२०७५।७६ ) तयार गरिएको छ ।

यो रणनीतिक योजना तयार गर्नकालागि राष्ट्रिय महिला आयोगका तत्कालिन सदस्य श्री मोहना अन्सारीको संयोजकत्वमा, राष्ट्रिय महिला आयोगका सचिव श्री शरदराज विष्ट, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह-सचिव श्री उपेन्द्र अधिकारी, आयोगका उप-सचिव श्री यमेन्द्र उपाध्याय र शाखा अधिकृत श्री शैलेन्द्र भण्डारी रहेको निर्देशक समितिबाट प्राप्त राय, सल्लाह तथा सुझाव एवं आयोगका माननीय सदस्य श्री मनु हुमाँगाई(के.सी), श्री उर्मिलादेवी विश्वकर्मा र श्री धनेश्वरी कुमारी चौधरीले यस रणनीतिक योजना तयार गर्ने क्रममा दिनुभएको अमूल्य सुझाव तथा प्रतिक्रियाकालागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यसै गरी यस रणनीतिक योजना तयार गर्ने क्रममा सहयोग प्रदान गर्ने DFID ESP तथा परामर्शदाता डा. शिवेष चन्द्र रेग्मी लगायत उहाँका सहयोगीहरुलाई समेत विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

शेष चाँदतारा
अध्यक्ष
राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं
२०७१ श्रावण १ गते

# विषय-सूची


१. पृष्ठभूमि १

२. प्रथम पञ्चवर्षीय रणनीतिक योजना
(२०६६/६७-२०७०/७१)का प्रमुख उपलब्धिहरू २

३. दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१।७२-२०७५।७६)४ ४

३.१ परिचय तथा महत्वपूर्ण सिद्धान्त ४

३.२ दूरदृष्टि ६

३.३ ध्येय ६

३.४ लक्ष्य ६

३.५ रणनीतिक उद्देश्यहरू ६

३.६ रणनीतिक हस्तक्षेपहरु ७

# परिचय

## १ पृष्ठभूमि (Background):

९२ औं अन्तराष्ट्रिय महिला दिवसको पूर्व सन्ध्या वि.सं. २०५८, फागुन २३ गते( ७, मार्च २००२) का दिन राष्ट्रिय महिला आयोगको गठन भएको हो । राष्ट्रिय महिला आयोग ऐन, २०६३ तथा नियमावली, २०६५ अनुसार राष्ट्रिय महिला आयोगमा नेपाल सरकारबाट नियुक्त एक जना अध्यक्ष र चार जना सदस्य रहने गरी राष्ट्रिय महिला आयोग गठन हुने व्यवस्था छ। सदस्यहरु नियुक्त गर्दा एक जना जनजाति, एक जना दलित र एक जना मधेशी समुदायमध्येबाट नियुक्त हुनु पर्ने प्रावधानले आयोगले पूर्ण समावेशीको अवधारणालाई स्थापित गरेको छ । आयोगको दैनिक प्रशासन सञ्चालन गर्नको लागि नेपाल सरकारले राष्ट्रिय महिला आयोगलाई कर्मचारी उपलब्ध गराउने व्यवस्था रहि आएको छ । तर आयोगले कामको प्रकृति अनुसार नेपाल सरकारको सहमति लिई आवश्यकता अनुसारका विशेषज्ञ कर्मचारीहरु करारमा नियुक्त गर्न सक्ने प्रावधान रहेको छ । आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमार्फत राख्नुपर्ने व्यवस्था ऐनमा उल्लेख गरिएको छ ।

राष्ट्रिय महिला आयोग विगत १३ वर्षदेखि नेपाली महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदलाई चिर्दै महिला सशक्तीकरणका लागि अनवरत कार्य गर्दै आइरहेको छ । त्यसै अनुसार देशभरिका महिलाहरुलाई समेट्ने गरी राष्ट्रिय महिला आयोगका रणनीतिक उद्देश्यहरु तयार गरिएका छन् । महिलाहरुको वर्ग जातजाती,भाषा, धार्म, लिङ्ग र क्षेत्र तथा भौगोलिक र साँस्कृतिक भिन्नतालाई ध्यानमा राख्दै राष्ट्रिय महिला आयोगले समाजमा लैङ्गिक असमानताका बारेमा चेतना फैलाउन, सरकारी र गैरसरकारी निकायहरूमा महिलाहरुको समानुपातिक प्रतिनिधित्व गराउन, लैङ्गिक समानता र समावेशी नीति निर्माण गर्न र ती नीतिहरूको कार्यान्वयन गराउनका लागि बहसपैरवी

र वकालत पनि गर्दै आएको छ । साथै, आयोगले महिलाहरूको मानवअधिकार हननका मुद्दाहरूको अवलोकन, निरीक्षण तथा छानविन गर्ने साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई कानुनी परामर्श दिनेजस्ता कार्यहरूलाई पनि निरन्तरता दिँदै आएको छ ।

## २. प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६६/६७-२०७०/७१) का प्रमुख उपलब्धिहरू (Achivements of the First FYSP 2009-2014):

राष्ट्रिय महिला आयोगको प्रथम रणनीतिक योजना (२०६६/६७-२०७०/७१) का केही मुख्य उपलब्धीहरु यसप्रकार छन् :

- २०७० मंसिर ४ गते सम्पन्न संविधानसभा निर्वाचनमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पहिलो पटक लैङ्गिक अनुगमन गरी निर्वाचन आयोगमा प्रतिवेदन पेश ।
- संविधानसभामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चितताका लागि संविधानसभाका विषयगत समितिहरु तथा राजनैतिक दलहरुसँग निरन्तर अधिवाचन ।
- राज्यका सबै क्षेत्र तथा तहमा महिलाको कम्तिमा ३३ प्रतिशत समानुपातिक तथा समावेशी सहभागिताको सुनिश्चितताका लागि पहल ।
- आमाको नामबाट नागरिकता हासिल गर्न विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला निकायसको गम्भीर ध्यानाकर्षण ।
- घर, जग्गा/जमिनजस्ता अचल सम्पत्ति, महिलाको नाममा नामसारी तथा रजिष्ट्रेशन भएको खण्डमा कर छुटको व्यवस्था र घर/जग्गाको लालपुर्जामा पति/पत्नि दुवैको स्वामित्वको प्रावधान ।
- महिलाविरुद्धका विभेदकारी कानुनहरुको संशोधन, कानूनहरुको निर्माण गरी सम्बन्धित निकायमा मस्यौदा पेस ।

- पहल भए वमोजिम विभिन्न जिल्लाहरुका २१ वटा अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६३, नियमावली २०६४, घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ र नियमावली २०६७, तथा महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रस्ताव अनुसार राष्ट्रिय कार्ययोजना आदिको निर्माणमा योगदान ।
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको सहकार्यमा लैङ्गिक हिंसा पीडित महिलाहरुको लागि सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना ।
- लैङ्गिक लेखा परीक्षणका साथै लैङ्गिक संवेदनशील बजेट निर्माणको थालनी ।
- विभिन्न प्रकारका हिंसाबाट पीडित महिलाहरुलाई कानूनी सहयोग तथा परामर्श प्रदान ।
- सामाजिक, शारीरिक र यौनहिंसाबाट पीडित महिलाहरूलाई पुनःर्स्थापना ।
- महिला हक र अधिकार सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुसँगको सहकार्यमा वृद्धि । सामाजिक, शारीरिक र यौनहिंसाबाट पीडित केही महिलाहरूलाई पुनःर्स्थापना गर्न सफल ।
- महिला हक र अधिकारसँग सम्बन्धित विषयहरुमा विश्वसनीय संस्थाको रुपमा स्थापित ।
- महिला विरुद्ध हुने हिंसा सम्बन्धि विभिन्न घटनाहरुको स्थलगत अनुगमन तथा सिफारिस ।
- राष्ट्रिय महिला आयोगले महिला विरुद्ध हुने हिंसाका पीडितहरुलाई छिटो न्याय दिलाउन फास्ट ट्र्याक कोर्ट र महिला सम्बन्धी मुद्दाहरुमा निरन्तर सुनुवाईको लागि पहल ।

## ३. दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१।७२-२०७५।७६) (Second FYSP 2014-2019):

### ३.१ परिचय तथा महत्वपूर्ण सिद्धान्त (Core Principles):

प्रथम रणनीतिक योजनाका उपलब्धिहरु, आयोगको सबल तथा कमजोर पक्षहरु, सम्भाव्य अवसरहरु तथा विद्यमान चुनौतीहरुको विश्लेषणका साथै सम्बन्धित सरकारी, गैरसरकारी तथा दातृ निकायहरूको सुझावका आधारमा यो दोस्रो रणनीतिक योजना (२०७०/७१-२०७५/७६) तयार गरिएको छ । यो पञ्चवर्षीय रणनीतिक योजना (२०७०/७१-२०७५/७६) निम्नलिखित सिद्धान्तहरुबाट निर्देशित रहेको छ :

**लैङ्गिक समानता (Gender Equality)** : जैविक भिन्नताका वावजुद महिला र पुरुष दुवैले आफ्ना मानव अधिकारहरुको प्रयोग, जिम्मेवारीहरुको वहन र अवसरहरुमाथिको पहुँच समान रुपमा गर्न सकून भन्ने लैङ्गिक समानताको सिद्धान्तलाई पूर्ण रुपमा सुनिश्चित गर्ने ।

**सामाजिक समावेशीकरण (Social Inclusiveness)** : सबै क्षेत्र तथा तहमा लैङ्गिक मूलप्रवाहीकरण, महिलाहरूको समानुपातिक प्रतिनिधित्व र उनीहरुको समावेशी सहभागितालाई सुनिश्चित गरी, व्यक्तिगत तथा सामुहिक रुपमा महिलामाथि हुने सामाजिक बहिष्करणलाई निर्मूल गर्न, सम्बन्धित सबै सरकारी तथा गैरसरकारी सरोकारवालाहरूसँग संवाद तथा वकालत/पैरवी गर्ने ।

**विविधता (Diversity):** आफ्ना नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्दा महिलाहरुको सामाजिक, सांस्कृतिक बहुलताको साथै लैङ्गिक, यौनिक अल्पसंख्यक, जात-जाति, वर्गीय, भाषिक, धार्मिक, अपाङ्गता तथा भौगोलिक उद्‌गमस्थल लगायतका आधारमा हुने विभिन्न प्रकारका विभेदलाई मनन गर्ने ।

**स्वतन्त्रता र स्वायत्तता (Independence and Autonomy)** : आयोगका कार्यक्रम तथा क्रियाकलापहरुको सञ्चालनमा स्वतन्त्रता कायम राख्ने ।

**भेदभावरहित (Non-discriminatory)** : सबै तह र तप्काका महिलाहरू र खासगरी सामाजिक, आर्थिक र राजनैतिक आधारमा सीमान्तकृत गरिएका महिलाहरुलाई आफ्ना सेवाहरू विना भेदभाव सहजै उपलब्ध भएको सुनिश्चित गर्ने ।

**जवाफदेहिता (Accountability)** : सबै सरोकारवालाहरू, सरकार, अन्तर्राष्ट्रिय समुदाय र साझेदारहरु र विभिन्न तह र तप्काका महिलाहरू लगायत सबै नागरिकहरुप्रति जवाफदेही रहने ।

**प्रतिबद्धता (Commitment)** : नेपालले अनुमोदन गरेको महिला अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरुको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने बारेको आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध रहने ।

**शून्य सहिष्णुता (Zero Tolerance)** : महिला विरुद्ध हुने कुनै पनि विभेद र कार्य-स्थल तथा सार्वजनिक-स्थलहरुमा हुने यौनजन्य दुर्व्यवहार लगायतका सबै प्रकारका हिंसाकासाथै पीडित महिलाले समयमा न्याय नपाएको अवस्थाप्रति शून्य सहिष्णुता जनाउने संस्थाको रुपमा आफ्ना नीति, कार्यक्रम र योजनालाई प्रस्तुत गर्ने ।

माथि उल्लेखित सिद्धान्तहरु अन्तर्गत रही निर्धारण गरिएको आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, रणनीतिक उद्देश्यहरू र रणनीतिक हस्तक्षेपहरू यसप्रकार छन् :

## ३.२ दूरदृष्टि (Vision):

राष्ट्रिय महिला आयोग यस्तो लैङ्गिक समतामूलक समाजको परिकल्पना गर्दछ, जहाँ महिलाहरू, जुनसुकै बहुलताको पृष्ठभूमिका भएतापनि, आफ्नो

आधारभूत मानव अधिकारको प्रयोग गर्न सक्दछन्; जहाँ उनीहरूको सुरक्षा, न्याय, स्वपहिचान, सम्मान तथा प्रतिष्ठापूर्ण जीवन सुनिश्चित हुन्छ ।

### ३.३ ध्येय (Mission):

सबै महिलाको लागि समान अवसर, समान अधिकार, समानुपातिक तथा अर्थपूर्ण प्रतिनिधित्व र न्याय तथा सुरक्षामा सहज पहुँचलाई सुनिश्चित गर्दै सबै सरकारी तथा गैरसरकारी निकायहरु, नीजि क्षेत्र लगायत समाजका सबै क्षेत्रका नीति, सांगठनिक संरचना तथा कार्यक्रमहरुमा लैङ्गिक समता र समानताको संस्कृतिको प्रवर्द्धन तथा सुदृढीकरण गर्ने ।

### ३.४ लक्ष्य (Goal):

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य, सरकारी तथा गैरसरकारी निकायका सबै क्षेत्र र तहमा महिलाहरुको अर्थपूर्ण समावेशी तथा समानुपातिक प्रतिनिधित्व र महिला अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुको प्रभावकारी कार्यान्वयनद्वारा महिलाहरुको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरण गर्ने ।

### ३.५ रणनीतिक उद्देश्यहरू (Strategic Objectives):

१. महिला विरुद्ध हुने हिंसालगायत सबै प्रकारका विभेद र सीमान्तकृत अवस्थाको अन्त्य गर्न विशेष जोड दिंदै सबै तह र तप्काका महिलाहरुको मानव अधिकारको संरक्षण र विकास गर्ने ।

२. जुनसुकै जात-जाति, भाषा, धर्म, लिङ्ग, वर्ग र क्षेत्रको भएतापनि घरेलु हिंसा, बेचबिखन, द्वन्द्वलगायत विभिन्न प्रकारका हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँचलाई सरल र सहज रुपमा सुनिश्चित गर्ने ।

३. विभिन्न क्षेत्र तथा तहहरूमा महिलाहरूको समानुपातिक, सामाजिक समावेशी तथा अर्थपूर्ण सहभागिताको साथै लैङ्गिक मूलप्रवाहीकरण सुनिश्चित गर्ने ।

४. विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरूप्रतिको आफ्नो प्रतिवद्धता पूरा गर्न राष्ट्रिय कानुन र नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयन सरकारले गरे-नगरेको अनुगमन गर्ने, त्यससम्बन्धी आवश्यक सुझावहरु सम्बन्धित सरकारी निकायहरुलाई पेश गर्ने र सोको जानकारी सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई गराउने ।

५. राष्ट्रिय महिला आयोगलाई एक स्वतन्त्र, स्वायत्त र संवैधानिक निकायको रूपमा स्थापित गर्ने ।

## ३.६ रणनीतिक हस्तक्षेपहरु (Strategic Interventions):

**रणनीतिक उद्देश्य १: महिला विरुद्ध हुने हिंसालगायत सबै प्रकारका विभेद र सीमान्तकृत अवस्थाको अन्त्य गर्न विशेष जोड दिंदै सबै तह र तप्काका महिलाहरुको मानव अधिकारको संरक्षण र विकास गर्ने ।**

**रणनीतिक हस्तक्षेप १.१:**

महिला अधिकार, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसार-पसार, द्वन्द्व रुपान्तरण, शान्ति निर्माण सम्बन्धी कानुन, नीति तथा राष्ट्रिय कार्ययोजनाहरु सम्बन्धित निकायहरुसँग समन्वय गरी लागू गराउने ।

**रणनीतिक हस्तक्षेप १.२:**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, संघीयमामिला तथा स्थानीय

विकास मन्त्रालय र सम्बन्धित अन्य मन्त्रालयसँग समन्वय गर्दै बोक्सी र यौनजन्य दुर्व्यवहार लगायतका महिलामाथि हुने विभिन्न प्रकारका विभेद र हिंसाको अन्त्य गर्न आवश्यक कानुनहरुको तर्जुमा, संशोधन र कार्यान्वयनको लागि पहल गर्ने ।

**रणनीतिक हस्तक्षेप १.३:**

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, लगायत विभिन्न सरकारी तथा गैर सरकारी निकाय र सञ्चार माध्यमहरुसँग समन्वय गरी महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा सम्बन्धि घटनाहरुको तत्काल अनुगमन र अनुसन्धान गर्नका लागि एउटा प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास तथा विस्तार गर्ने ।

**रणनीतिक हस्तक्षेप १.४:**

मानव बेचविखन तथा ओसार-पसार र घरेलु हिंसा लगायत महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न विभिन्न सञ्जाल तथा मञ्चहरूको गठनको लागि सहजीकरण गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सञ्जाल तथा मञ्चहरुसँग रणनीतिक साझेदारी बढाउने ।

**रणनीतिक उद्देश्य २: जुनसुकै जात-जाति, भाषा, धर्म, लिङ्ग, वर्ग र क्षेत्रको भएतापनि घरेलु हिंसा, बेचबिखन, द्वन्द्वलगायत विभिन्न प्रकारका हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँचलाई सहज र सुनिश्चित गर्ने ।**

**रणनीतिक हस्तक्षेप २.१:**

कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय लगायत सर्वोच्च अदालतसँग समन्वय गरी सबै प्रकारका महिला विरुद्धको हिंसा र विभेदबाट प्रभावितहरुको समयमै न्यायमा पहुँच सुनिश्चित गर्न फास्ट ट्र्याक कोर्ट, विशेष सुनुवाई व्यवस्था तथा निरन्तर सुनुवाई संयन्त्रको थालनीको लागि पहल गर्ने ।

**रणनीतिक हस्तक्षेप २.२:**

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, नेपाल प्रहरी, सञ्चार लगायत गैरसरकारी निकायहरूसँग प्रभावकारी समन्वय गरी महिला विरुद्ध हुने हिंसाका पीडितहरुलाई प्रत्येक जिल्लामा अस्थायी पुनर्स्थापना/सुधार गृह, निःशुल्क स्वास्थ्यसम्बन्धी सुविधाहरू, निःशुल्क कानुनी सहायता, लगायतका सुविधा उपलब्ध गराउँदै उनीहरुको पुनर्समायोजनको सुनिश्चितता गर्ने ।

**रणनीतिक उद्देश्य ३: विभिन्न क्षेत्र तथा तहहरूमा महिलाहरूको समानुपातिक, समावेशी तथा अर्थपूर्ण सहभागिताको साथै लैङ्गिक मूलप्रवाहीकरण सुनिश्चित गर्ने ।**

**रणनीतिक हस्तक्षेप ३.१:**

राजनीतिक दल, संविधानसभा सदस्य, संविधानसभामा प्रतिनिधित्व गर्ने महिला सभासदहरुको समूह तथा अन्तरदलीय महिला सञ्जाल आदिसँग निरन्तर सम्वाद गर्दै नयाँ संविधानमा लैङ्गिक मूल प्रवाहीकरणको सुनिश्चितता गर्ने ।

**रणनीतिक हस्तक्षेप ३.२:**

कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय लगायत अन्य सम्बन्धित मन्त्रालयहरू तथा कानुन निर्माण गर्ने निकायहरुसँग समन्वय गरी लैङ्गिक मूलप्रवाहीकरणका लागि कानुन, नीति, योजना तथा कार्यक्रमहरुको निर्माण गर्ने ।

**रणनीतिक हस्तक्षेप ३.३:**

विकास साझेदार निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, नागरिक समाजका संगठनहरू र निजी क्षेत्रलगायत सम्बन्धित सबै गैरसरकारी तथा

सरोकारवाला संस्थाहरुमा लैङ्गिक मूलप्रवाहीकरणको संस्कृतिको थालनी गर्दै उनीहरुसँग रणनीतिक साझेदारी गर्ने ।

**रणनीतिक उद्देश्य ४: विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहमति गरेको महिला अधिकार सम्बद्ध अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरूप्रतिको आफ्नो प्रतिवद्धता पूरा गर्न राष्ट्रिय कानुन र नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयन सरकारले गरे-नगरेको अनुगमन गर्ने, त्यससम्बन्धी आवश्यक सुझावहरु सम्बन्धित सरकारी निकायहरुलाई दिने र सोको जानकारी सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई गराउने ।**

**रणनीतिक हस्तक्षेप ४.१:**

पञ्चवर्षीय रणनीतिक योजना २०७०/७१-२०७५/७६का रणनीतिक उद्देश्यहरु, रणनीतिक हस्तक्षेपहरु र वार्षिक कार्ययोजनामा हासिल गरिएका प्रगतिहरुको साथै महिला अधिकार उल्लंघनका घटनाहरुको अनुगमनको लागि विद्यमान अनुगमन तथा मूल्यांकन संयन्त्रलाई उपयुक्त सूचकहरुसहित सुदृढ तथा विस्तार गर्ने ।

**रणनीतिक हस्तक्षेप ४.२:**

महिलाअधिकार महासन्धि, सहस्राब्दी विकास लक्ष्य, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक समीक्षा, अन्तर्राष्ट्रिय जनसङ्ख्या र विकास सम्मेलन लगायत राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५, १८२०, १८८८, १८८९ आदिलाई नेपाल सरकारले राष्ट्रिय नीति, कानुन र कार्यान्वयनमा गरेको रुपान्तरणको अनुगमन गर्ने, महिलाअधिकार सम्बन्धी सबै कार्ययोजनाहरुमा आवश्यक कदमहरु चाल्न सम्बन्धित सरकारी निकायहरुलाई सुझावहरु दिने र सोको जानकारी सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई गराउने ।

**रणनीतिक हस्तक्षेप ४.३:**

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय लगायत सम्बन्धित अन्य मन्त्रालयहरु, सञ्चार क्षेत्र र विभिन्न गैरसरकारी निकायहरुसँग आबद्ध रही महिला अधिकार महासन्धि, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक समीक्षा,राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५, १८२०, १८८८, १८८९ लगायत विभिन्न अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुप्रतिको नेपाल सरकारको प्रतिबद्धता सुनिश्चित गर्न नयाँ नीतिहरूको तर्जुमा, विद्यमान नीतिहरूमा संशोधन र नयाँ राष्ट्रिय कार्ययोजनाहरूको तयारी गर्ने ।

**रणनीतिक उद्देश्य ५: राष्ट्रिय महिला आयोगलाई एक स्वतन्त्र, स्वायत्त र संवैधानिक निकायको रूपमा सुनिश्चित गर्ने ।**

**रणनीतिक हस्तक्षेप ५.१:**

संविधानसभा तथा व्यवस्थापिका संसदका सदस्यहरू, अन्तरदलीय महिला सञ्जाल, संविधानसभामा प्रतिनिधित्व गर्ने महिला सभासदहरुको समूह आदिसँग सम्वाद र पैरवी/वकालत गर्दै राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गर्ने ।

**रणनीतिक हस्तक्षेप ५.२**

आयोगका रणनीतिक उद्देश्यहरु प्राप्तिको लागि राष्ट्रिय महिला आयोगको विद्यमान् संरचनालाई पुनर्गठन गर्ने ।

**रणनीतिक हस्तक्षेप ५.३:**

विद्यमान चुनौतीहरूको सामना गर्नुका साथै नयाँ रणनीतिक योजना २०७०/७१-२०७५/७६ को प्रभावकारी कार्यान्वयन गर्नका लागि आयोगको

सांगठनिक क्षमताको साथै आयोगका सदस्यहरु र कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि आवश्यक आर्थिक तथा मानवस्रोत जुटाउन अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयसँग निरन्तर सम्वाद र पैरवी/वकालत गर्ने ।

**रणनीतिक हस्तक्षेप ५.४:**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलगायत अन्य सम्बन्धित मन्त्रालयहरु, विभिन्न आयोगहरु, नेपाल प्रहरी, विकास साझेदारहरु लगायत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय गरी राष्ट्रिय महिला आयोगलाई एक स्वतन्त्र, स्वायत्त र प्रभावकारी निकायको रुपमा स्थापित गर्न उपयुक्त समन्वय संयन्त्रको स्थापना गर्ने ।

राष्ट्रिय महिला NWC आयोग-२०५८


**Contact Details:**

## National Women Commission

Bhadrakali Plaza
Kathmandu, Nepal
Phone: +977- 1- 4256701
Fax: +977- 1- 4250246
E-mail: info@nwc.gov.np
URL: www.nwc.gov.np